# लेकम गाउँपालिका अध्यक्ष राम दत्त जोशीज्यूबाट
## गाउँसभाको १७औं अधिवेशनमा प्रस्तुत गर्नुभएको
## आर्थिक वर्ष २०८२/०८३ को
## निति तथा कार्यक्रम

# लेकम गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## रातामाटा, दार्चुला
## २०८२ असार ०७ गते

# लेकम गाउँपालिका

## आर्थिक वर्ष २०८२/०८३

## नीति तथा कार्यक्रम

यस लेकम गाउँपालिकाको १७ औँ गाउँसभा अधिवेशनको गरिमामय सभामा उपस्थित लेकम गाउँपालिका उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, लेकम गाउँपालिकाका ६ वटै वडाका वडा अध्यक्षज्यूहरु, गाउँ कार्यपालिका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, निवर्तमान गा.पा. अध्यक्षज्यू, सुरक्षा निकायका प्रमुखज्यू, विभिन्न राजनीतिक दलका प्रतिनिधिज्यूहरु, भुतपूर्व जनप्रतिनिधिज्यूहरु विभिन्न संघ संस्थाका प्रमुखएवं प्रतिनिधिज्यूहरु, संचारकर्मी मित्रहरु, राष्ट्रसेवक कर्मचारी लगायत सम्पूर्ण लेकम गाउँपालिकाका आदरणीय आमा-बुवा, दाजुभाई तथा दिदि बहिनीहरु,

स्थानीय सरकार प्रमुखको हैसियतले लेकम गाउँपालिकाको गरिमामय सभामा निर्वाचित भएर आइसके पछि आफ्नो कार्यकालको तेस्रो वार्षिक नीति तथा कार्यक्रमको रुपमा यस लेकम गाउँपालिकाको आगामी आ.व. २०८२।२०८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा हर्षित भएको छु।

स्थानीय सरकार नेपाली जनताको त्याग बलिदानीपूर्ण लामो संघर्षको उपलब्धि हो । बलिदानीपूर्ण संघर्षबाट प्राप्त र ऐतिहासिक संबिधानसभाबाट जारी भएको नेपालको संविधान अनुसार स्थापित स्थानीय तहहरुको अधिकारहरुलाई अभ्यास गर्ने अभियान अगाडी बढि रहेको छ । यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली अन्तरगत गणतन्त्र प्राप्तिका लागि जनयुद्ध, जनआन्दोलनलगायतका आन्दोलनका क्रममा आफ्नो अमुल्य जीवन बलिदान दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात अमर सहिदहरु प्रति भावपूर्ण श्रदान्जली अर्पण गर्दछु । साथै विभन्न आन्दोलनका क्रममा घाइते वेपत्ता नागरिक प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु । साथै राजनीतिक, सामाजिक, आर्थिक परिवर्तनका नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै वुद्धिजीवी तथा अग्रज नेतृत्वगणहरुप्रति हार्दिक आभार प्रकट गर्दछु ।

हामी एक स्वाभिमान र सार्वभौमसत्ता सम्पन्न मुलुकका नागरिक हौ । प्राकृतिक भू–बनोट र आर्थिक पछौटेपनको कारणले हाम्रो वर्तमान परिवेश जटिल एवं चुनौतिपूर्ण भएता पनि भविष्य उज्वल र सम्भावना युक्त छ । नेपालमा संघीय लोकतन्त्र सहितको गणतन्त्रात्मक शासन प्रणाली स्थापनार्थ विभिन्न कालखण्डमा नेपाली जनताले गरेको त्यागले सिर्जित वर्तमान अवसरलाई आर्थिक ,सामाजिक रुपान्तरणको अवसरको रुपमा उपयोग गरि जनचाहना पुरा गर्ने अबको हाम्रो बाटो भनेकै चुनौतीका बीच पनि निरन्तर आर्थिक बिकास गर्ने हो । आत्मनिर्भर र स्वाधिन अर्थतन्त्र निर्माण गर्न स्वच्छ प्रतिस्पर्धात्मक अर्थ व्यवस्था हाम्रो प्रस्थान बिन्दु हो । समाजवाद उन्मुख अर्थतन्त्र हाम्रो गन्तब्य हो । परिवर्तनलाई सस्थागत गरि विकास र आर्थिक समृद्धि आत्मसाथ गर्ने वर्तमान परिवेशमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा कुशल भूमिका निर्वाह गर्दै लेकम गाउँपालिका लोकतन्त्रका आधारभूत मूल्य–मान्यता, मानवअधिकार, सामाजिक न्याय, सहकार्य–सहअस्तित्व र समन्वयको सिद्वान्तलाई आत्मसाथ गर्दै विधिको शासन प्रति पूर्ण प्रतिबद्ध छ ।

गाउँपालिकाको भौगौलिक, सामाजिक, आर्थिक विविधता तथा साँस्कृतिक एकतालाई आत्मसाथ गर्दै सन्तुलित र समन्यायिक विकासको बाटोमा अघि बढ्न योजनाबद्ध र प्राथमिकताको आधारमा विकास निर्माणका कामहरु हुनुपर्दछ भन्नेमा गाँउपालिका प्रतिबद्ध छ । संघीय सरकारले अंगालेको "संमृद्ध नेपाल सुखी नेपाली" भन्ने मान्यतामा आधारित जनउत्तरदायी, पारदर्शी, मेहनति र सहयोगी संयन्त्रबाट नै समृद्धि हासिल गर्न सकिन्छ भन्ने मान्यतालाई मार्ग दर्शनका रुपमा ग्रहण गरेको छु ।

नेपालको संबिधानको अधिनमा रही स्थापित लेकम गाउँपालिका एक पृथक पहिचान बोकेको गाउँपालिका हो । यस स्थानीय सरकारलाई सार्थक, समृद्ध र सक्षम एवंम सफल बनाउन आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न यस सम्मानित सभा समक्ष उपस्थित भएको छु ।
नीति तथा कार्यक्रमलाइ तर्जुमा गर्दा नेपालको संबिधान र प्रचलित ऐन–कानुनहरुले औल्याएका विषय बस्तु, दिगो बिकासका लक्ष्य, १६ औँ योजना, मध्यकालिन खर्च संरचना, सुदुरपश्चिम सरकारको प्रथम पञ्चवर्षिय योजना, संघीय सरकार तथा प्रदेश सरकारले लिएको नीतिको जगमा टेकेर लेकम गाउँपालिकाको आर्थिक सामाजिक रुपान्तरणको लागी सुशासन, विकास, र सामाजिक न्याय सहित "संमृद्ध नेपाल सुखी नेपाली को राष्ट्रीय आकांक्षा पूरा गर्न गाउँपालिकाले आफ्नो नीति तथा कार्यक्रम कार्यान्वयन गर्दै आएको छ ।

लेकम गाउँपालिकाले यस क्षेत्रको सर्वाङ्गीण विकासका लागी देहायका क्षेत्रहरुलाई आफ्नो वार्षिक बजेट नीति तथा कार्यक्रमका प्राथामिकरणका क्षेत्रहरुका रुपमा अगाडि सारेको छ ।

उपस्थित महानुभावहरु,

चालु आर्थिक वर्षमा यस लेकम गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य सम्पन्न भएको छ । सम्पन्न पश्चात आवश्यक डेकुरेसन तथा सजावटको कार्य यथाशिघ्र सम्पन्न गरी भाद्र मसान्त भित्र प्रशासकीय भवनबाट सेवा प्रारम्भ गर्ने कार्य अगाडी बढाईएको छ । यसवाट संस्थागत क्षमता अभिवृद्धि भइ सेवा प्रवाह छिटो, छरितो र सरल हुन गई सेवा प्रवाहमा थप सहजता हुनेमा विश्वास लिएको छु । पालिका अर्न्तगत रहेको ऐरिछना धनथाला सडक खण्डको रातामाटा देखि गराडी सडकमा ट्र्याक खोल्ने कार्य अन्तिम चरण पुगेको छ साथै ट्र्याक खोलिएका सम्पूर्ण सडकहरु नियमित सञ्चालन हुने गरी सडक सरसफाई गर्ने कार्य निरन्तर भईरहेको छ । सामाजिक सुरक्षा भत्ता वितरणलाई जेष्ठ तथा अशक्त लाभग्राहीहरुको चाहनाअनुरुप घुम्ति सेवा प्रवाह गरी बैंकिङ सेवा मार्फत वडा कार्यालय मै वितरण गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई लाभग्राहीको हितकेन्द्रित गरिएको छ सामाजिक समावेशिकरणको नीति अनुरुप अपांग एकल, अशक्त तथा आर्थिक रुपले विपन्न एवं लक्षित समुहका  महिलाहरुलाई विभिन्न सिपमूलक तालिम सञ्चालन गरी स्वरोजगार प्रबर्द्धन गरिएको छ ।लेकम गाउँपालिकालाई पूर्ण विद्युतिकरण गर्नका लागी विद्युतीकरण हुन बाकी रहेका टोलहरुमा विद्युत जडान गर्ने कार्यलाई निरन्तर रुपमा अगाडी बढाएको छ ।

यि सबै उपलब्धी हासिल गर्न यहाँहरुको सुझबुझपूर्ण व्यवहार गाउँवासीहरुको सहयोगबाट नै हो भन्ने मलाई लाग्छ । राजनितिक रुपमा हामी जहाँ भए पनि लेकम गाउँपालिकाको विकास र समृद्धि, सेवा प्रवाह र सुशासनका लागी हामी एकै छौ भन्ने भावनाले गर्दा समन्वय र सहकार्य अभिवृद्धि भई सरकारले लिएका वार्षिक नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनमा सहजता हुन पुगेको छ । आगामी दिनहरुमा समेत हामी सबैको प्रयास र प्रयत्न यसैमा समर्पित हुनेछ भन्ने विश्वास लिएको छु ।

उपस्थित महानुभावहरु,

विगतमा अघि बढाएका वार्षिक नीति तथा कार्यक्रमको समीक्षा, प्राप्त नतिजा र कार्य अनुभवमा आधारित भई क्षेत्रगत रुपमा आर्थिक वर्ष २०८२।२०८३ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ । प्रस्तुत नीति तथा कार्यक्रमले गाउँपालिका क्षेत्रको समग्र विकास, सुशासन, सामाजिक न्याय, समृद्धि र सेवा प्रवाहलाई केन्द्र विन्दुमा राख्दै लेकम गाउँपालिको आर्थिक वर्ष २०८२।२०८३ का लागि गाउँ कार्यपालिकाबाट स्वीकृत भई आएका क्षेत्रगत नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

## ❖ आर्थिक विकास

### ➢ कृषि विकास

- कृषि जन्य बालि वस्तुमा अकस्मात रोग तथा किराको प्रकोपबाट हुने अत्यधिक क्षति न्यूनीकरणका लागि आकस्मिक बालि संरक्षण विशेष कार्यक्रम संचालन गरिनेछ ।
- कृषि योग्य भूमिको उपयोग सुनिश्चित गर्न पालिका भित्र रहेका सम्पूर्ण कृषि योग्य जमिनमा खेति प्रोत्साहन गरिनेछ ।
- कृषिमा लागत मूल्य घटाउन कृषि यान्त्रिकरण कार्यक्रम गरि कृषिमा आधुनिकीकरण गरिनेछ ।
- माटोको उर्वराशक्ति जाँच गर्नका लागि माटो जाँच शिबिर सञ्चालन गरिनेछ ।
- रासायनिक विषादीको प्रयोग कम गराई प्राँगारिक मलको प्रयोग गर्दै आर्गानिक खेतीलाई प्रोत्साहन दिईनेछ ।
- व्यवसायिक तरकारी खेतीमा आत्मनिर्भर बन्नका लागि कृषकहरुलाई मौसमी तथा बेमौसमी तरकारी बिउबिजनको व्यवस्थाका साथै तरकारी उत्पादनका लागि संरचनामा अनुदान उपलब्ध गराईनेछ ।
- लेकम गाउँपालिका भित्र उत्पादन अदुवा, बेसार खेतिलाई प्रबर्द्धन गरि उचित प्याकेजिंग र प्रोसेसिंगमा जोड दिइनेछ ।
- पालिकाका ६ वटै वडामा एक वडा एक बिशेष उत्पादन क्षेत्र कार्यक्रम संचालन गरिनेछ ।
- पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनाको साँझेदारीमा सुन्तला, कागती, ओखर आदि फलफूल खेतीको विस्तार तथा प्रबर्द्धन गरिनेछ ।
- किसान सूचीकरण कार्यक्रमलाई संचालनमा ल्याइनेछ ।
- "सिचाई क्षेत्रको विस्तार उत्पादन बृद्धिको आधार" अनुरुप सिचाई संरचना (थोपा सिचाई, कुलो सिचाई, सिचाई पोखरी, सिचाई टंकी, सिचाई पाइप) निर्माण एबम् विस्तार गरिनेछ ।
- "दिगो कृषिको आधार प्रांगारिक खेतीको बिस्तार" अभियान अन्तर्गत प्रांगारिक पकेट क्षेत्र घोषणा गरि कृषिमा बातावरण मैत्री कृषि प्रविधीहरुको विस्तार एबम प्रबर्द्धन गरिनेछ ।
- "हाम्रो भान्सा घर, हाम्रै अन्न हाम्रै दाल" भन्ने नारालाई सार्थक तुल्याउन कृषि उत्पादनमा बृद्धि गर्न विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

## ➢ पशु सेवा

- पशु स्वास्थ्य संरक्षण एंव रोग नियन्त्रण सेवालाई विस्तार एंव प्रभावकारी बनाईनेछ ।
- विभिन्न महामारी रोग बाट कृषकहरुको पशुपंक्षी क्षती न्युनिकरण गर्नको लागी खोपसेवा संचालनमा ल्याईनेछ ।
- पशुपालन व्यवसायलाई क्रमशःयान्त्रीकरण तथा व्यवसायिकरण गर्दै पशुजन्य पदार्थको उत्पादनमा आत्मनिर्भर भई उत्पादन र रोजगारको थप बृद्धि गरि गरिबी न्युनिकरणमा टेवा पुर्याइनेछ ।
- डेरी व्यवस्थापन तथा मासु पसल सुधार कार्यक्रम संचालनमा ल्याइनेछ ।
- पशु पालन व्यवस्थित गर्न प्राकृतिक गर्भाधान सुधार कार्यक्रम संचालनमा ल्याइनेछ ।
- पशुपंक्षी सम्बन्धी रोग अन्वेषण का कार्यक्रम संचालन गरि रोग निदान गरिने व्यवस्था मिलाइनेछ ।
- गुरु किसान छनौट तथा नमुना फार्म स्थापना सहयोग कार्यक्रम संचालनमा ल्याइने छ ।
- असल पशु पालन अभ्यास कार्यक्रम संचालनमा ल्याइने छ ।
- पशु पालनको क्षेत्रमा आगामि दिनमा पशुपंक्षी पालन मा देखा पर्दै गरेका कृषकका आकस्मिक र दिर्घकालिन समस्या लाई समाधान गर्दै लगिने छ ।
- एक वडा एक पशुपंक्षी पालन उत्पादन कार्यक्रम संञ्चालनमा ल्याइने छ ।

## ➢ सहकारी तथा वित्तिय सेवा

- स्थानीय सहकारी संस्थाको दर्ता, परिचालन, प्रवद्धन तथा क्षमता अभिवृद्धि गर्न आवश्यक पर्ने नीति लिई कार्यक्रम संचालन गरिने छ ।
- यस स्थानीयतह भित्र सञ्चालनमा रहेका सहकारी संस्थाहरुको विवरणलाई कोपोमिस (Copomis) प्रणालिमा आबद्ध हुनको लागि प्रेरित गरी आवश्यक पहल गरिनेछ ।
- सहकारी संस्थाहरुलाई उत्पादनमूलक तथा सेवामूलक सेवा प्रवाह गरि आधुनिकीकरण र आत्मनिर्भर बन्न अभिप्रेरित गरिनेछ ।

## ➢ उद्योग तथा वाणिज्य

- नेपाल सरकारले लिएको गरिवी न्यूनिकरणको लक्ष्यलाई मध्यनजर गरि बेरोजगार युवायुवती तथा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तीहरुका लागि उद्यमशिलता विकास तालिम प्रदान गरिने छ।
- उद्यमशिलता विकास तालिम तथा रोजगारी सृजना गर्न उद्यम विकास रणनितिक योजनाहरु तयार गरिने छ ।
- बजारको माग श्रोत साधनको उपलब्धता र जनचाहनामा आधारित उद्यमहरुको स्थापना गरि उक्त उद्यमी व्यवसायीहरुलाई दीगोरुपमा व्यवसाय सञ्चालन गर्नका लागि आवश्यकता र मागको आधारमा स्तरोन्नती तथा लागत साझेदारीमा प्रविधी हस्तान्तरण गरिने छ ।

- वैदेशिक रोजगारीलाई निरुत्साही गरी महामारीका कारण रोजगारी गुमाएकाहरुलाई पुनः रोजगारी प्रदान गर्न उद्यम शिलता विकास तालिम र सीप विकास तालिम संचालन गरी थप आयआर्जन गर्नमा मदत गरिने छ।
- उद्योग क्षेत्रमा आवश्यक जनशक्तिको विकास र क्षमता अभिवृद्धि गरिने छ।
- स्थानीय स्तरमै रोजगारीका अवसरहरु सृजना गरी गाउँपालिकालाई समृद्ध बनाईने छ।
- गाउँपालिका भित्र रहेको सम्पुर्ण उद्यम व्यवसायिहरु लाई व्यवसाय दर्ता प्रकृयामा ल्याईने व्यवस्था मिलाइने छ ।
- उत्पादन गरिएका बस्तु तथा सेवाहरुको बजारीकरण,लेबलिङ,प्याकेजिङ आदीमा सहजिकरण गरिने छ।
- लेकम गाउँपालिकामा उत्पादन गरिएका बस्तुहरुलाई स्थानीय तथा राष्टिय स्तरका मेला महोत्सबमा प्रदर्शनीका लागि पठाईने निति अवलम्बन गरिने छ।
- उद्यमको प्रकृतिका आधारमा उनीहरुको व्यवसायलाई थप टेवा पुर्याउने उद्धेश्यले उनीहरुलाई आन्तरिक तथा बाह्य ठाउँमा बजारीकरण तथा अवलोकनमा पठाइने व्यवस्था मिलाईने छ।
- नेपाल सरकार,मन्त्रिपरिषदको मितिः २०७७।०७।०४ को निर्णयबाट पारित भएको गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ बमोजिम लघु उद्यम विकास (मेड) मोडेल बमोजिम थप आवश्यक सहयोग गरिने छ।

## संस्कृति तथा पर्यटन

- गाउँपालिका भित्र पर्यटकीय सम्भावना बोकेका धार्मिक, सांस्कृतिक, ऐतिहासिक स्थलहरुको संरक्षण सम्बर्द्धन गरि पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ।
- यस स्थानीयतह भित्र पर्यटनको सम्भावन बोकेका मूख्य क्षेत्रहरुको पहिचान गरी विकास र पचार प्रसार मार्फत निजी क्षेत्रलाई प्रोत्साहन गरी पर्यटकीय हब बनाउन प्रबान्ध गरिने छ।
- धार्मिक र पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण ठाउँहरुको संरक्षण गर्दै पर्यटनको सम्भावना भएका क्षेत्रहरुको अध्ययन गरी पर्यटकीय स्थलको विकास एवम् पर्यटन प्रवर्द्धनका कार्यलाई प्राथामिकता साथ कार्यान्वयन गरिनेछ।

## श्रम तथा रोजगार

- रास्ट्रिय रोजगार कार्यक्रमलाइ स्थानीय तहको साझेदारीमा निर्माण सामाग्री खरिद गरि थप प्रभावकारी बनाइने छ।
- आन्तरिक रोजगारी प्रवर्द्धन गर्नको लागि युवाहरु लक्षित युवालाई सिप, सीपलाई रोजगारी सित आवद्ध गरिने किसिमका सिप विकास तालिमहरु संचालन गरिने छन।
- वैदेशिक रोजगारीको लागि जाने युवाहरुको सहजताको लागि गाउँपालिका बाटै पुनः श्रम स्विकृती सेवा प्रदान गरिने छ।

- वैदेशिक रोजगार बिभाग र वैदेशिक रोजगार बोर्ड बाट प्रादान गरिने सेवा गाउँपालिका बाटै सहजीकरण गरिने छ।
- सुरक्षित आप्रवासन SAMI कार्यक्रमको साझेदारीमा गाउँपालिकामा मनोसामाजिक परामर्शकर्ताको व्यवस्था गरिने छ।
- रोजगार सेवा केन्द्रको थप सुदृढीकरण गर्न आवश्यक बजेट बिनियोजन गरिने छ।
- श्रम संसार प्रणालीमा पालिका भरिका रोजगारिको खोजीमा रहेका र रोजगार दाताहरुलाइ आवद्ध गराइने छ।

## ❖ सामाजिक क्षेत्र

### ➢ स्वास्थ्य तथा सरसफाई

- पालिकाको भगौलिक अवस्थालाई ध्यानमा राखी नागरिकको चिकित्सक संगको चिकित्सकीय सेवाको पहुँचको सुनिश्चितताको लागि स्मार्ट हेल्थ संचालन गरिने छ।
- पालिका भित्रका स्वास्थ्य चौकीमा संचालन हुदै आएको प्रयोगशाला सेवालाई थप प्रभावकारी एंव गुणस्तरिय रुपमा संचालन गरिने छ।
- संस्थागत सुत्केरी बढाउन तथा होम डेलिभरी लाई निरुत्साहित गर्न लेकम गाउँपालिकामा आधारभुत स्वास्थ्य सेवा केन्द्रहरुमा वर्थिङ् सेन्टरहरु संचालनमा  ल्याउन कर्मचारीहरुको दरवन्दी सृजना गरि गुणस्तरिय औजार तथा उपकरण खरिद तथा व्यवस्थापन गरिने छ।
- स्वास्थ्य संस्थाहरुको सेवा प्रभावकारी र गुणस्तर वढाउन दरवन्दी अनुसारको पदपुर्ति सुनिश्चता गरिने छ।
- भौगोलिक अवस्थालाई ध्यानमा राखी प्रत्येक वडामा विषेशज्ञ सेवा सहितको जेष्ठ नागरिक हरुको लागि चिकित्सकीय शिविर संचालन गरिने छ।
- विद्यालयमा अध्यनरत वालवालिकाहरुको स्वास्थ्यलाई ध्यानमा राखी विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिने छ।
- स्थानिय स्वास्थ्य निति निर्माण गरिने छ।
- स्थानिय तहमा स्वास्थ्य संस्था संचालन निर्देशिका अवलम्वन गरिने छ।
- नियमिति औषधि  र गुणस्तरिय स्वास्थ्य सेवा प्रवाह लागि औषधिको व्यववस्थापन गरिने छ।
- प्रेषण गरिएका गर्भवति तथा सुत्केरी महिलाहरुलाई निशुल्क एम्वुलेन्सको सुविधा उपलव्ध गराईने छ।
- क्षयरोग निवारणको लागि नेपाल क्षयरोग निवारण निति लाई अवलम्वन गरिने छ।
- नसर्ने रोग स्किनिङ् तथा उपचारको लागि विशेषज्ञ चिकित्सकिय सेवा सहितको घुम्ती शिविर संचालन गरिने छ।

- स्थानिय तहमा पोषण अवस्था सुधार गर्न लक्षित समुह पहिचान गरी उपाध्यक्ष कोशेली कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।
- स्वास्थ्य संस्थाहरुमा नियमिति सुपरभिजन तथा अनुगमन गरिने छ ।
- किट जन्य रोग पहिचान निवारण तथा उपचारको लागि स्वास्थ्यकर्मी जनप्रतिनिधि हरुलाई अभिमुखिकरण गरिने छ ।
- महामारी नियन्त्रण , विपत व्यवस्थापनको लागि आवश्यक साम्रगीहरुको व्यवस्थापन गरिने छ ।
- लेकम गाउँपालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरु डिजिटल प्रविधि मैत्रि पेपरलेस बनाउनुका साथै प्रत्येक स्वास्थ्य संस्थाको लागि कम्प्युटर, प्रिन्टरको व्यवस्थापन गरिने छ ।
- दिर्घरोगहरु र जेष्ठ नागरिकहरुको लागी आवश्यक औषधिहरुको व्यवस्थापन गरिने छ ।
- पोषणमैत्री गाउँपालिकाको सुनिश्चितताको पोषण रणनिति अवलम्ब गरिने छ ।
- क्षयरोग मुक्त गाउँपालिकाको निति अवलम्व गरिने छ ।

➢ **शिक्षा युवा तथा खेलकुद**

- “शिक्षामा लगानी, ल्याउछ सुनौलो विहानी” भन्ने मर्ममा आधारित भई शिक्षामा लगानी बढाईनेछ ।
- सूचना तथा प्रविधिको प्रयोग सहित विद्यालयलाई स्मार्ट पद्धतिमा लैजान गाउँपालिकाभित्र रहेका आवश्यकता अनुसार विद्यालयमा कम्प्युटर र प्रिन्टर वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- वालविकास सवलीकरण तथा नमूना वालविकास केन्द्र निर्माण गर्ने नीति अनुरुप ८ वटा वालविकास केन्द्रलाई सबलीकरण गर्दै नमूना बालबिकास केन्द्रको रुपमा विकास गरिनेछ ।
- वोद्यार्थीहरुको सर्वाङ्गीण विकास गर्न आधारभुत र माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुका लागि वाल प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिनेछ ।
- शिक्षण सिकाईमा नवीबतम शिक्षण कौशलहरुको प्रयोग गरि सिकाईलाई समय सापेक्ष बनाउन विद्यालयमा कार्यरत शिक्षक र कर्मचारीहरुका लागि पुर्नताजकिय तालिम सञ्चालन गरिनेछ ।
- विद्यालय बाहिर वा भित्र रहेका अनाथ अपांग गरिब बालबालिकाहरुलाई शिक्षाको मूल धारमा ल्याउन र त्यस्ता बालबालिकाहरुको पढाई निरन्तरताका लागि छात्रवृत्ति प्रदान गरिनेछ ।
- गाउँपालिका स्तरीय आधारभुत तह उत्तीर्ण परीक्षा (कक्षा ८) व्यवस्थापनको लागि दीगो सर्त निर्धारण तथा विज्ञ छनोट जस्ता व्यवस्थापकीय पक्षलाई सुदृढीकरण गरिनेछ ।
- गाउँपालिका अन्तरगत कार्यरत सहजकर्ता शिक्षक र कर्मचारीहरुलाई पोशाक खर्च रकम उपलब्ध गराईनेछ ।
- वालवालिकाको सिकाईमा चासो वृद्धि गरी शैक्षिक गुणस्तरमा टेवा पुर्याउन अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।
- शिक्षण सिकाई क्रियाकलापमा शैक्षिक सामग्रीको प्रयोग गरि वस्तुगत तथा उपलब्धिपूर्ण सिकाई प्रक्रिया सुनिश्चित गर्न सम्पूर्ण विद्यालयहरुलाई लक्षित गरी शैक्षिक सामग्री निर्माण कार्यशाला सञ्चालन गरिनेछ ।

- पेशागत सम्मान तथा उत्प्रेरणा विकास गरी पेशाप्रति लगनशिल र उत्प्रेरित बनाइराख्न उत्कृष्ट प्रधानाध्यापक शिक्षक विद्यार्थी र विद्यालयलाई तोकिएको मापदण्डका आधारमा पुरस्कृत गरिनेछ।
- "योग गरौ स्वस्थ रहौँ" भन्ने नाराका साथ विद्यालय तहदेखि नै योग अभ्यासलाई अनिवार्य रुपमा लागु गर्ने प्रत्येक दिन विद्यालयको प्राथाना समयमा योग गर्ने बानीको विकास गरिनेछ।
- आधारभुत तह कक्षा १-३ सम्मको बसाई व्यवस्थापनलाई सहज बनाई बाल मनोविज्ञान अनुरुप अध्यापन गराउने उद्देश्यले आधारभुत वालकक्षा व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- "स्वास्थ्यका लागी खेलकुद, राष्ट्रका लागी खेलकुद" भन्ने नारालाई सार्थक बनाउन विद्यालय उमेरका वालवालिकाहरुका लागी वडागत र पालिकागत खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ।
- अनुगमन तथा सुपरिवेक्षण कार्यलाई व्यवस्थित प्रभावकारी र लक्ष्य उन्मुख बनाउन गाउपालिका भित्रका विज्ञ शिक्षक सहितको शिक्षक सहयोग संयन्त्र गठन गरि शिक्षा युवा तथा खेलकुद शाखाद्धारा प्रत्येक ३ महिनामा नमुना पाठ प्रदर्शन सहित विद्यालय सुपरिवेक्षण गरिनेछ।
- सार्वजनिक शिक्षाको गुणस्तरण सुधारका ज्वलन्त मुद्दा एवम् चुनौती समाधानका उपय पहिचान गर्न शैक्षिक गोष्ठी तथा तालिम सञ्चालन गरिनेछ।
- लेकम गाउँपालिका भित्र रहेका विद्यार्थीहरुमध्ये बाट उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरुलाई डाक्टर, ईन्जिनियर र कृषि तथा पशु विज्ञान तर्फ उच्च शिक्षा अध्ययनका लागी प्रोत्साहन रकम उपलब्ध गराउन आवश्यक मापदण्ड निर्माण गरिनेछ।
- लेकम गाउँपालिका अर्न्तगतका विद्यालयहरुमा सञ्चालित विद्यालय दिवा खाजा कार्यक्रमलाई थप प्रभावकारी बनाईने छ।

➢ **खानेपानी तथा सरसफाइ स्वच्छता:**

- गाउँपालिका भरिका खानेपानीका मूहानहरुको र ट्याङ्कीहरुको शुद्धता मापन गरी पानी स्वक्षता कार्यक्रम लागु गरिनेछ।
- खानेपानिको दिर्घकालिन उपयोगलाइ मध्यनजर गर्दै खानेपानिका स्रोतहरुको पहिचान तथा संरक्षणमा विशेष जोड दिइनेछ।
- लेकम गाउँपालिका भरिका खानेपानी मुहान/आयोजनाहरुको व्यवस्थापन तथा अभिलेकरण गर्न पालिकास्तरमा खानेपानी तथा सरसफाई ईकाई (Wash Unit) स्थापना गरिनेछ।

➢ **लैंगिक समानता तथा सामाजिक समावेशिकरण**

- टुहुरा बालबालिकाहरुलाई दिइदै आइरहेको प्रोत्साहन भत्तालाई निरन्तरता दिईनेछ।
- बालक्लवमा संलग्न बालबालिकाहरुको क्षमता विकासका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।
- लैङ्गिक हिँसा विरुद्धको अभियानलाई थप प्रभावकारी रुपमा लागु गरिनेछ।
- ज्येष्ठ नागरिकहरुको सम्मान तथा प्रोत्साहनका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।
- बालबालिकाहरुको क्षमता अभिवृद्धि तथा सृजनसिलतालाई उजागर गर्न तथा नेतृत्व क्षमता अभिवद्धिका लागि आवश्यक पहल गरिनेछ।

- अपाङ्गहरुको ज्ञान, सीप, क्षमतालाई सम्मान गर्दै आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- लैङ्गिक समानता, महिला हिंसा न्यूनिकरण, बाल विवाह अन्त्य छुवाछुत अन्त्य लगायत सामाजिक कुरिटी र अन्धविश्वासलाई निरुत्साहित गर्ने खालका कार्यक्रम सञ्चालन गरिनेछ ।
- लैङ्गीक समानता तथा सामाजिक समावेशीकरण रणनीतिको कार्यान्वयन तथा प्रभावकारी रुफमा सञ्चालनका लागि आवश्यक प्रवन्ध गरिनेछ ।

➢ **कला तथा संस्कृति प्रवर्द्धन:**

- कला, संस्कृति प्रवर्द्धन तथा विकासका लागि संरक्षण विशेष नीति अवलम्वन गरिनेछ ।
- स्थानीय जात्रा तथा साँस्कृतिक पर्वका लागि लागि प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- कला तथा संस्कृतिको प्रवर्द्धनका लागि संस्कृति विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

➢ **सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण:**

- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी, आधुनिक प्रविधिमा आधारित र जनताको पहुँच तथा सहभागितालाई सुनिश्चित गर्न प्रणालीगत सुधारका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै लाभग्राहीहरुको पहिचान तथा नविकरणमा सहजता र पारदर्शिता तथा भत्ता वितरणको कार्यलाई थप प्रभावकारी बनाउन राष्ट्रिय परिचयपत्र नम्बरको माध्यमबाट बायोमेटिक भेरिफिकेशन गरिनेछ । सो कार्यलाई सहजीकरण गर्न सबै वडा तथा सेवा ईकाइको लागी बायोमेट्रिक भेरिफिकेशन डिभाइसको व्यवस्थापन गरिनेछ ।
- ६ वटै वडा कार्यालयहरुमा सञ्चालन भइरहेको सामाजिक सुरक्षा भत्ता वितरण शिविर लाई निरन्तरता दिइनेछ ।
- व्यक्तिगत घटना दर्ता अभियान सञ्चालन गरी व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षाभत्ता वितरण प्रणालीलाई पारदर्शी बनाई लाभग्राहीको पहुँच विस्तार गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता वितरणमा जनसहभागिता तथा जवाफदेहीता बढाउने कार्यक्रमहरु सञ्चालन गरिनेछ । स्थानीय तहमा आवश्यक पर्ने संस्थागत सुदृढीकरण गरिनेछ ।

## ❖ पूर्वाधार विकास :

➢ **सडक, पुल तथा भवन**

- आकस्मिक विकास निर्माणका कार्य सञ्चालनका लागि अध्यक्ष विशेष पूर्वाधार विकास कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।

- विकास निर्माण लगायत अन्य कार्य सञ्चालनका लागि आवधिक योजना (Periodic Plan ) निर्माण गर्दै सो बमोजिम मध्यमकालीन खर्च संरचना तयार गरी वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने व्यवस्था मिलाईने छ।
- गाउँपालिकाको १० शैयाको अस्पतालको निर्माण कार्य आगामी आ.व.मा सम्पन्न गरिनेछ।
- गोकुले लाली सडक खण्डमा भइरहेको स्तरोन्नति कार्यलाई थप अगाडी बढाउदै आगमी आ.व. देखि बाह्रै महिना संचालनमा ल्याईनेछ।
- प्रदेश सरकारसँगको सहकार्यमा ऐरिछिना धनथाला सडक खण्डको स्तरोन्नति कार्य अगाडी बढाईनेछ।
- गाउँपालिका भित्रका सडक विस्तार, चक्लाबन्दी, मर्मत सम्भार तथा स्तरोन्नतिको कार्यलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिइनेछ।
- गाउँपालिकाबाट सञ्चालित अधुरा तथा क्रमांगत आयोजनाहरुलाई आवश्यकता र औचित्यका आधारमा प्राथामिकरण गरि कार्यान्वयनमा ल्याईनेछ।
- निर्मित भौतिक पूर्वाधारको समयमा नै मर्मत सम्भार गरि लागत प्रभावकारिताका माध्यमले खर्च मितव्यायी र दीगो बनाउन मर्मत सम्भार कोष स्थापना गरिनेछ।
- विशेष क्षेत्रबाहेकका लेकम गाउँपालिका भित्रका सबै ठाउमा टुक्रे योजनाहरुलाई न्यूनीकरण गरी एउटा टोल वा वस्ती विशेषको प्रतिनिधित्व हुने गरी योजना तथा कार्यक्रम निर्माण गरिने छ।
- सडक गुरु योजना (MTMP) र भवन निर्माण आचारसंहिता (Buliding by Laws) निर्माण गरी आवश्यक प्रक्रिया अगाडी बढाईनेछ साथै लेकम गाउँपालिकाको बस्ति तथा बजार व्यवस्थापनका लागि (Settilement Plan) तयार गरी आवश्यक पहल चालिनेछ।

➢ **ऊर्जा:**

- बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र, गाउँपालिका र उपभोक्ता समितिको संयुक्त लागत साझेदारीमा सुधारिएको चुल्हो, विद्युतिय चुल्हो सौर्य बत्ती जडान कार्यका लागि आवश्यक पहल गरिनेछ।

➢ **जलस्रोत तथा सिचाँइः**

- पोखरी निमार्ण, कुलो तथा नहर निर्माण र मर्मत जस्ता कार्यहरु संघ, प्रदेश र स्थानीयतहको सहकार्यमा सबै कृषि योग्य क्षेत्रमा नियमित रुपमा सिचाँइ गर्ने व्यवस्था गरिनेछ ।
- सिंचाईका लागि मुहानको सम्भाव्यता हेरी संघीय तथा प्रदेश सरकारको सहकार्यमा लिफ्टिङ सिचाइ योजनाहरु संचालनमा ल्याउन आवश्यक पहल गरिनेछ।

## ❖ वन, वातावरण तथा विपद व्यवस्थापन

### ➢ भू-उपयोग

- लेकम गाउँपालिका भित्र रहेका भूमीहिन दलित, भुमीहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीको लगत संकलन प्रमाणिकरण तथा नाप नक्साको प्रक्रियालाई निरन्तरता दिईनेछ।
- छुट मुक्तहलियाहरुको लगत संकलन कार्यलाइ कार्यान्वियन गर्दै मुक्त हलिया पहिचान गरि पुर्नस्थापनाको प्रकृया अगाडि बढाईने छ।
- पहिचान भएका मुक्त हलियाहरुको लगत संकलन गरी परिचय पत्र वितरण तथा राहत कार्यक्रम सञ्चालन गरिनेछ।
- मुक्त हलियाहरुको आर्थीक अवस्था सुधार गर्न सीपमुलक तथा आय आर्जनका कार्यक्रम संचालन गरिने छन।

### ➢ वन तथा वातावरण

- सामुदायिक वन तथा वन कार्यालय सँग समन्वय गरि वृक्षरोपणका लागि बोट विरुवाहरु सहज रुपमा प्राप्त गर्ने व्यवस्था मिलाईनेछ।
- वन विविधिकरणको माध्यमबाट वनको वहुउपयोग गर्दै जैविक विविधताको संरक्षण गरिनेछ।
- सामुदायिक वनको व्यवस्थापनमा वन समितिलाई जिम्मेवार बनाईनेछ।

### ➢ विपद तथा प्रकोप व्यवस्थापन:

- स्थानीय विपद व्यवस्थापन समितिलाई क्रियाशिल बनाईनेछ।
- विपदको समयमा उद्दार गर्न विभिन्न सरोकारवाल निकाय सँग समन्वय गरि विपद पूर्वतयारी र उद्धार सम्बन्धी तालिमको व्यवस्था गरिनेछ।
- विपद व्यवस्थापनलाई सूचना प्रणालीमा आवद्ध गरिनेछ।
- वातावरण प्रदुषण सम्बन्धी मापदण्ड बनाई सो को पूर्ण कार्यान्वयन सहजिकरण तथा अनुगमन गरिनेछ।

## ❖ संस्थागत विकास तथा सेवा प्रवाह:

### ➢ सुशासन सेवा प्रवाह तथा मानव संशाधन विकास:

- सेवा प्रवाहलाई जनमुखी बनाउने उद्देश्यले गाउँपालिकाको प्रशासकीय भवन सँगै रहने गरि बैंकको शाखा काउण्टर स्थापना गरिनेछ ।
- कर्मचारी प्रशासनलाई व्यवस्थित बनाउन गाउँपालिका र यस मातहतका कार्यालयहरुमा ई-हाजिरीको व्यवस्था गरिनेछ ।
- कर्मचारीहरुको र जनप्रतिनिधिहरुको क्षमता विकासका लागि विभिन्न तालिम तथा कार्यक्रम सञ्चालन गरिनेछ ।
- आवश्यकता, औचित्यता, स्रोतको सुनिश्चितताका आधारमा गाउँपालिको दरबन्दी तेरिज संशोधन गरिनेछ ।
- आवश्यकता, औचित्यता, स्रोतको सुनिश्चितता र दरबन्दी तेरिज समेतलाई ख्याल गरी करार सेवा तथा ज्यालादारी कर्मचारीहरुको सम्झौता नवीकरण गरिनेछ ।
- छिटो छरितो र प्रभावकारी सेवा प्रवाहलाई मध्यनजर गर्दै हेल्प डेस्क, गुनासो पेटिका, विद्युतिय सुचना पार्टी तथा अन्य E-Governance का साधनहरु लागु गरिनेछ ।
- जनप्रतिनिधि विषयगत समितिका पदाधिकारीहरु, कर्मचारीहरु तथा उपभोक्त समितिका पदाधिकाहरुको क्षमता विकास गर्न समसामयिक विषयवस्तुका सन्दर्भमा तालिमको व्यवस्था मिलाईने छ ।
- कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकनलाई वैज्ञानिक र व्यवस्थित वनाउन प्रत्येक शाखा तथा कर्मचारीहरुको कार्यसम्पादन सम्झौता गरि कार्यान्वयनमा ल्याईनेछ ।

### ➢ सूचना तथा संचार प्रविधि:

- गाउँपालिका तथा वडा कार्यालयहरुमा उच्च गतिको इन्टरनेट सुविधा विस्तार इन्टरनेटको नियमित आपूर्तिको लागि आवश्यक प्रबन्ध गरिनेछ ।
- गाउँपालिकाको वेबसाइट, मोबाइल एप, सूचना बोर्ड आदि मार्फत सूचना सार्वजनिक तथा समयानुकुल अद्यावधिक गरिनेछ ।
- सूचना प्रविधिसम्बन्धी आवश्यक सफ्टवेयर तथा हार्डवेयर उपकरणहरूको व्यवस्था गरिनेछ ।
- सूचना प्रविधिको युगमा स्थानीय शासन प्रणालीलाई प्रभावकारी र पारदर्शी बनाउने उद्देश्यले गाउँपालिकाले आफ्नै सर्भरको स्थापना गरिनेछ ।

- प्रशासनिक भवनको सुरक्षा व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण, र कार्यालय परिसरको निगरानी सुदृढ गर्न CCTV जडान गरिनेछ।

- **सुरक्षा व्यवस्थापन:**
  - पालिकाभित्र अपराधिक गतिविधि नियन्त्रण गरि शान्ति सुरक्षा कायम गर्न प्रहरी प्रशासन तथा सुरक्षा निकायसँग पहल गरिनेछ।
  - शान्ति सुरक्षा अमनचयन गर्न प्रहरी प्रशासन तथा सुरक्षा निकाय सँग सहकार्य गरिनेछ।
- **न्याय सम्पादन तथा मेलमिलाप:**
  - "विवादको साटो मेलमिलापको बाटो" भन्ने मूल नाराका साथ लेकम गाउँपालिकाका ६ वटै वडाहरुमा सामुदायिक मेलमिलाप केन्द्र स्थापना भईसकेको सन्दर्भमा मेलमिलाप केन्द्रहरुको सबलीकरण मार्फत स्थानीय मेलमिलाप एबम् न्यायीक निरुपणका कार्यहरुमा जोड दिईनेछ।
  - न्यायिक समितिको कार्यलाई व्यवस्थित तथा न्यायोचित र निश्पक्ष गरिनेछ।
  - सामाजिक मेलमिलापकर्ताहरुको प्रत्येक वडाहरुमा सूचिकरण गरिनेछ।
  - न्यायिक समितिमा परेका उजुरीहरुलाई मेलमिलापकर्ता परिचालन गरि सामुदायिक स्तरबाटै समाधान गरिनेछ।
  - समूदाय स्तरमा न्यायिक सचेतना कार्यक्रम लागु गरिनेछ।

## ❖ वित्तिय व्यवस्थापन तथा सुशासन:

- **खर्च लेखाङ्कन तथा आन्तरिक नियन्त्रण:**
  - आन्तरिक नियन्त्रण प्रणालीको पूर्ण अवलम्वन गरिनेछ।
  - सार्वजनिक खर्च प्रणालीलाई पारदर्शी मितव्यायी एवम् वस्तुनिष्ठ बनाईनेछ।
  - आर्थिक कार्य प्रणालीलाई चुस्त दुरुस्त बनाई वित्तिय सुशासन कायम गरिने छ। आर्थिक क्रियाकलापको मासिक, चौमासिक, र वार्षिक विवरणहरु सूचनापाटी तथा वेवसाईट मार्फत सार्वजनिक गरिनेछ।
  - पालिकाले प्रदान गर्ने सेवा प्रवाहको सम्बन्धमा सरोकारवालाहरुको उपस्थितिमा नियमित सार्वजनिक सुनुवाईको आयोजना तथा गुनासो व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाउदै लगिने छ।
  - बेरुजुको लगत राख्ने र समयमै फर्छौट गर्ने कार्यलाई थप प्रभावकारी बनाईनेछ।

- **राजश्व संकलन तथा परिचालन**
  - आन्तरिक आयका नयाँ र स्थायी श्रोतहरुको खोजी गरिनेछ।

- राजस्व प्रशासनलाई चुस्तदुरुस्त बनाइ कर आधारको संरक्षण गरि करको दर भन्दा दायरा फराकिलो बनाउदै कर चुहावटलाई नियन्त्रण गरिनेछ।
- करदाताहरुमा कर तिर्ने भावनाको विकास गराउन करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।
- अव्यस्थित मदिरा वितरणलाई नियन्त्रण गर्न आवश्यक नीति नियम कार्यन्वयनमा ल्याइ मापदण्ड बमोजिम तोकिएको ठाउँबाट माग संचालन गर्न पाउने कानुनी प्रक्रिया अगाडी पढाइने छ।
- दर्ता गरिएका तथा दर्ता हुन बाँकी उद्यमहरुलाई दर्ता प्रकृयामा ल्याई राजश्व संकलनको दायरा फराकिलो बनाईनेछ।
- वातावरणीय प्रभाव मूल्यांकन कार्यलाई आर्थिक वर्षको सुरुवात बाटै कार्यान्बयनमा ल्याई आगामी आर्थिक वर्ष देखि प्रकृतिक स्रोतबाट राजस्व संकलन गरिनेछ।
- आन्तरिक राजस्व संकलन लाई मजवुत बनाउन राजस्व प्रशासनलाई चुस्त दुरुस्त एवम् करदाता मैत्री बनाउने नीति अवलम्वन गरिनेछ।

यस लेकम गाउँपालिको १७ औँ गाउँसभा अधिवेशनको गरिमामय सभामा उपस्थित सम्पूर्ण महानुभावहरु, आर्थिक वर्ष २०८२।२०८३ का लागि तर्जुमा गरिएको लेकम गाउँपालिकाको नीति तथा कार्यक्रमको पूर्ण कार्यान्वयनमा यहाँहरु सबैको साथ, सहयोग र समन्वयको अपेक्षा सहित लेकम गाँउपालिकालाई जनअपेक्षा अनुरुपको सशक्त र प्रभावकारी स्थानीय सरकारको रुपमा विकास गर्न आवश्यक सहयोग गर्ने नेपाल सरकार, प्रदेश सरकार, जनप्रतिनिधी, विकास साझेदारहरु, विज्ञ सल्लाहकार समूहहरु, निजी क्षेत्र, नागरिक समाज, विभिन्न संघ संस्था सुरक्षाकर्मी, पत्रकार, लेकमवासी, वुद्धिजिवी र कर्मचारी वर्गमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

धन्यबाद
रामदत्त जोशी
गाउँपालिकाअध्यक्ष
२०८२ असार ७, शनिवार